# वीरगञ्ज उद्योग वाणिज्य सङ्घ
# Birgunj Chamber of Commerce & Industries

BiCCI

सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ

वीरगञ्ज महानगरपालिका वडा नं. ४
जिल्ला पर्सा, मधेश प्रदेश, नेपाल


पत्र संख्या : ६४६ (०८२-०८३)

मिति : २०८३/१/२०

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाण्डौं ।

विषय : **अधिकतम खुद्रा मूल्य (MRP) तथा लेबल बारे जारी गरिएको सूचना सम्बन्धमा ।**

**सम्माननीय प्र.म.ज्यू,**

नयाँ नेपाल निर्माण गर्ने ऐतिहासिक महत्वको जिम्मेवारीका साथ नेपाली जनताको विश्वास र एक मात्र भरोसाका रुपमा यहाँ देशको सर्वोच्च पदमा अर्थात् प्रधानमन्त्रीको गहन अभिभारा सम्हाल्नु भएकोमा वीरगञ्ज उद्योग वाणिज्य सङ्घका साथै यस पर्सा-बाराका आम उद्योगी, व्यवसायीहरुका साथै सर्वसाधारणको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

यहाँको प्रधानमन्त्रित्व कालमा मुलुकमा वर्षौदेखि थुप्रिएर रहेका बेथिति, विकृति, विसङ्गतिर भ्रष्टाचार, कुशासनका साथै अन्यायोचित, असान्दर्भिक ऐन, कानून, नीति, नियम, परिमार्जन र संशोधन र निर्देशिकाका निरुपण हुनेछ भन्ने विश्वास हामी निजीक्षेत्रले राखेका छौं ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

नेपाली निजीक्षेत्र MRP लगाउन हुँदैन भन्ने पक्षमा छैनन् । MRP लगाइनु पर्छ भन्ने मान्यता हाम्रो पनि हो । प्रत्येक उपभोक्ताले आफूले खरिद गर्ने मालसामानको मूल्य बारे मालवस्तुको गुणस्तरीयता र स्वदेश वा विदेश कहाँ उत्पादन भएको भन्ने आधारित विषय जान्न पाउनुपर्ने उपभोक्ताको नैसर्गिक अधिकारको हामी सम्मान गर्छौं । तर MRP लागु गर्दा आइपर्ने समस्या, अस्पष्टता एवम् व्यवहारिक कठिनाईलाई गहिरो रुपले विश्लेषण गरी प्राथमिकता निर्धारण गरेर चरणबद्ध रुपमा MRP लगाएर अघि बढ्न सकिन्छ ।

- सत्तरी प्रतिशतभन्दा बढी आयातमा निर्भर रहेको हाम्रो देशमा आयातित वस्तुहरुमा दैनिक उपभोग्य सामग्रीहरुका साथै औद्योगिक कच्चा पदार्थहरु, मिल मेशिनरी, सोको पार्टपुर्जा लगायतका सामग्रीहरु उल्लेख्य मात्रामा आयात हुने गर्दछ । यसरी आयात हुने वस्तुहरु (USD) मा हुने गरेको छ । नेपाली आयातकर्ताहरुले आयात गर्ने मुलुकहरुबाट २-३ महिना अगावै आयात गर्ने वस्तु, परिमाण र सोको मूल्य समेत निर्धारण गरेको हुन्छ । यस अवस्थामा आयातित मालवस्तु नेपालको भंसार विन्दुसम्म आई पुग्दा लाग्ने समय लामो हुने भएकोले उक्त समयमा USD को दर परिवर्तन हुने, USD को दर परिवर्तन भइरहने

भएकोले अन्तर्राष्ट्रिय वजार मूल्यलाई सामान्जस्यता गर्न नसकिने भई भंसार जाँचपास गर्न पनि समस्या र आयातित वस्तुको MRP तोक्न पनि असहज हुने हुन्छ ।

- MRP लगाउने सूचना पूर्व नै नेपाली आयातकर्ताहरुले आयात गरि सकेका मालवस्तुहरुको हकमा के कसरी अधिकतम मूल्य निर्धारण गर्ने भन्ने विषय ठूलो समस्या रहेको छ । यसका साथै मिल मेशिनरीका पार्टपुर्जा, औद्योगिक कच्चा पदार्थ, होटल उद्योगले आयात गर्ने होटलमा प्रयोग हुने सामानमा MRP को कुनै औचित्य नै नरहेको ।
- MRP लगाईनु पर्छ र यसका लागि निजी क्षेत्र तयार रहेको छ । तर MRP चरणवद्ध रुपमा लगाईनु पर्ने । साथै कुन कुन सामानमा अनिवार्य गर्ने कुन सामानमा नलगाउने सोका लागि मन्त्रालय स्तरमा एउटा उच्चस्तरीय समिति जसमा सम्वन्धित मन्त्रालय सहित भंसार विभाग, वाणिज्य विभाग, नेपाल उद्योग वाणिज्य महासङ्घका साथै स्थानीय निजी क्षेत्रलाई प्रतिनिधित्व गर्ने सङ्घ संस्थालाई समावेश गरी गहन छलफल पश्चात् MRP लागु गरिनु पर्ने ।

आयातित मालवस्तुहरुमा समेत अनिवार्य रुपमा MRP सहितको लेवलिङ्ग गर्नुपर्ने प्रावधानका कारण वीरगञ्ज, भैरहवा र विराटनगर लगायतका भंसारहरुमा हजारौंको सङ्ख्यामा गाडीहरु रोकिएका छन् जसले गर्दा आयातकर्ताहरुले दैनिक ठूलो रकम डिटेन्शनको रुपमा तिर्न बाध्य भइरहेका छन् । गाडीहरु भंसारमा रोकिएका कारण तिरिरहेका डिटेन्शन लगायतका खर्चहरुले समेत सामानहरुमा जोडिने भई सो भार अन्तिम उपभोक्ता माथि नै पर्ने भएकोले यथाशीघ्र समस्या समाधानको लागि सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक अनुरोध गर्दछौं ।

भवदीय,

माधव राजपाल
(का.वा. अध्यक्ष)